आज मिति २०८२/०३/१० गते (नेपाल संवत ११४५ तछलागा चतुर्दशी) मंगलवारका दिन यस बुढीगंगा नगरपालिकाको बाह्रौं नगरसभा अधिवेशन नगरसभा अध्यक्ष श्री राम बहादुर बानियाँ ज्यूको अध्यक्षतामा देहायका नगरसभा सदस्यहरुको उपस्थितिमा कार्यसुचि बमोजिम नगर सभाको बैठक सञ्चालन गरियो ।

समयः बिहान ११:०० बजे

स्थानः  बुढीगंगा नगरपालिकाको सभाहल

| | | | | |
|---|---|---|---|---|
| | | श्री राम बहादुर बानियाँ | नगर प्रमुख (अध्यक्षता) | बुढीगंगा नपा.८ |
| हस्ताक्षर | क्र.स. | नगरसभा सदस्यको नाम, थर | पद | ठेगाना |
| | १. | श्री माया खड्का कुँवर | नगर उप-प्रमुख | बुढीगंगा नपा.३ |
| | २. | श्री रण बहादुर थापा | वडा अध्यक्ष | बुढीगंगा नपा.१ |
| | ३. | श्री पदम बहादुर भण्डारी | वडा अध्यक्ष | बुढीगंगा नपा.२ |
| | ४. | श्री खडक बहादुर अधिकारी | वडा अध्यक्ष | बुढीगंगा नपा.३ |
| | ५. | श्री मिन बहादुर शाह | वडा अध्यक्ष | बुढीगंगा नपा.४ |
| | ६. | श्री चक्र बहादुर थापा | वडा अध्यक्ष | बुढीगंगा नपा.५ |
| | ७. | श्री हेमराज जैशी | वडा अध्यक्ष | बुढीगंगा नपा.६ |
| | ८. | श्री भवनसिंह के.सी. | वडा अध्यक्ष | बुढीगंगा नपा.७ |
| | ९. | श्री रमेश बहादुर रावल | वडा अध्यक्ष | बुढीगंगा नपा.८ |
| | १०. | श्री मिन बहादुर सिंह | वडा अध्यक्ष | बुढीगंगा नपा.९ |
| | ११. | श्री दल बहादुर साउद | वडा अध्यक्ष | बुढीगंगा नपा.१० |
| | १२. | श्री बसन्ती पाध्याय | कार्यपालिका सदस्य | बुढीगंगा नपा.१ |
| | १३. | श्री प्रेम दमाई | कार्यपालिका सदस्य | बुढीगंगा नपा.३ |
| | १४. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | बुढीगंगा नपा.५ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | बुढीगंगा नपा.५ |
| | १६. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | बुढीगंगा नपा.६ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| अप्सरा | १७. | श्री अप्सरा देवी थापा | कार्यापालिका सदस्य | बुढीगंगा नपा.२ |
| | १८. | श्री सर्पजित सार्की | कार्यापालिका सदस्य | बुढीगंगा नपा.७ |
| | १९. | श्री बुदी देवी नेपाली | कार्यापालिका सदस्य | बुढीगंगा नपा.९ |
| | २०. | श्री दिनेश परी | नगरसभा सदस्य | बुढीगंगा नपा.१ |
| | २१. | श्री जलु आग्री | नगरसभा सदस्य | बुढीगंगा नपा.१ |
| | २२. | श्री लोकेन्द्र बहादुर सिंह | नगरसभा सदस्य | बुढीगंगा नपा.१ |
| | २३. | श्री धर्मराज जैशी | नगरसभा सदस्य | बुढीगंगा नपा.२ |
| | २४. | श्री चिनीपरी वि.क. | नगरसभा सदस्य | बुढीगंगा नपा.२ |
| | २५. | श्री खडक बहादुर रावत | नगरसभा सदस्य | बुढीगंगा नपा.२ |
| | २६. | श्री कल्पना देवी थापा | नगरसभा सदस्य | बुढीगंगा नपा.३ |
| धना | २७. | श्री धना देवी उखेडा | नगरसभा सदस्य | बुढीगंगा नपा.३ |
| | २८. | श्री हरीकेशे दमाई | नगरसभा सदस्य | बुढीगंगा नपा.३ |
| | २९. | श्री भक्त भण्डारी | नगरसभा सदस्य | बुढीगंगा नपा.३ |
| | ३०. | श्री शेर वहादुर खाती | नगरसभा सदस्य | बुढीगंगा नपा.४ |
| | ३१. | श्री मोती बहादुर रावत | नगरसभा सदस्य | बुढीगंगा नपा.४ |
| | ३२. | श्री सुनीता कुमारी सुनार | नगरसभा सदस्य | बुढीगंगा नपा.४ |
| | ३३. | श्री मोतिकला थापा | नगरसभा सदस्य | बुढीगंगा नपा.४ |
| | ३४. | श्री सिता कुमारी थापा | नगरसभा सदस्य | बुढीगंगा नपा.५ |
| | ३५. | श्री धन वहादुर थापा | नगरसभा सदस्य | बुढीगंगा नपा.५ |
| | ३६. | श्री कर्ण वहादुर सार्की | नगरसभा सदस्य | बुढीगंगा नपा.५ |
| | ३७. | श्री देव बहादुर बोहरा | नगरसभा सदस्य | बुढीगंगा नपा.६ |
| | ३८. | श्री पार्वती पाध्याय | नगरसभा सदस्य | बुढीगंगा नपा.६ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ३९. | श्री जौला देवी सार्की | नगरसभा सदस्य | बुढीगंगा नपा.७ |
| | ४०. | श्री उपेन्द्र बहादुर कटुवाल | नगरसभा सदस्य | बुढीगंगा नपा.७ |
| | ४१. | श्री अर्जुर बहादुर खड्का | नगरसभा सदस्य | बुढीगंगा नपा.७ |
| | ४२. | श्री विन्द्रा देवी विष्ट | नगरसभा सदस्य | बुढीगंगा नपा.७ |
| | ४३. | श्री आइते वुढा | नगरसभा सदस्य | बुढीगंगा नपा.८ |
| | ४४. | श्री राम बहादुर थापा | नगरसभा सदस्य | बुढीगंगा नपा.८ |
| | ४५. | श्री माङली कुमाल | नगरसभा सदस्य | बुढीगंगा नपा.८ |
| | ४६. | श्री गुमा सुनार | नगरसभा सदस्य | बुढीगंगा नपा.८ |
| [illegible] | ४७. | श्री दाने सेराला | नगरसभा सदस्य | बुढीगंगा नपा.९ |
| [illegible] | ४८. | श्री उमा देवी पाध्याय | नगरसभा सदस्य | बुढीगंगा नपा.९ |
| [illegible] | ४९. | श्री मिन बहादुर थापा | नगरसभा सदस्य | बुढीगंगा नपा.९ |
| गंगाबिक | ५० | श्री गंग वि.क. | नगरसभा सदस्य | बुढीगंगा नपा.१० |
| गंगा | ५१. | श्री गंगा देवी जैशी | नगरसभा सदस्य | बुढीगंगा नपा.१० |
| जगा | ५२. | श्री जगु सार्की | नगरसभा सदस्य | बुढीगंगा नपा.१० |
| [illegible] | | श्री अम्मर राज जोशी | सदस्य सचिव | छविस पाथिभेरा गा.पा.वझाङ |
| खड्क | ५३. | श्री खड्क ब. रावत | नगरसभा सदस्य | बु.ग.न.पा.१० |

CS CamScanner

**निर्णय नं. १.**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बाह्रौ नगर सभामा पेस भएको आर्थिक विधयक, २०८२ माथि दफावार छलफल भई सो विधयक सभाका बहुमत सदस्यहरुबाट पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. २.**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगर सभामा पेश भएको विनियोजन विधयक, २०८२ माथि दफावार छलफल भइ सो विधयक सभाका वहुमत सदस्यहरुवाट पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस बुढीगंगा नगरपालिकाको मिति २०८२/०३/०८ गते बसेको ४५ औं नगर कार्यपालिका बैठकले स्वीकृत गरेको आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम मिति २०८२/०३/१० गतेको बाह्रौ नगर सभामा नगर प्रमुख श्री राम बहादुर बानियाँले नगर सभामा प्रस्तुत गर्नु भयो ।

प्रस्तुत बार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिदै नगर सभा सदस्यहरु रमेश बहादुर रावल र रण बहादुर थापाले आफ्नो धारणा राख्दै नीति तथा कार्यक्रम समग्रमा राम्रो रहेको भए पनि केही विषयहरु थप्नु पर्ने र सो नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्नुपर्ने धारणा राख्नु भयो ।

नगर प्रमुख एवं सभाका अध्यक्ष श्री राम बहादुर बानियाँले आ.व. २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम माथि धारणा राख्ने नगर सभा सदस्यहरुलाई धन्यवाद दिई प्रस्तुत बुढीगंगा नगरपालिकाको आ.व. २०८२./०८३ को बार्षिक नीति तथा कार्यक्रम पारित गर्न निर्णयार्थ पेश गर्दा नगर सभामा उपस्थित बहुमत सदस्यहरुवाट पारित गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. ४.**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकाको बाह्रौ नगर सभामा नगर उप-प्रमुखद्वारा प्रस्तुत भइ नगरसभामा पेश भएको न्यायिक समितिको प्रतिवेदन २०८२ माथि छलफल भइ सो प्रतिवेदन नगर सभाका बहुमत सदस्यहरुबाट पारित गर्ने निर्णय पारित गरियो ।

२०८२/०३/१०

निर्णय नं. ५.

प्रस्ताव नं. ५ माथि छलफल यस वाह्रौ नगर सभामा विधायन समिति संयोजक श्री खडक बहादुर अधिकारीले पेश गर्नु भएका तपसिलका ऐन, नियम, कार्यविधि तथा रणनीतिहरु आगामी आ.व. २०८२/०८३ बाट लागु हुने गरी नगर सभाका बहुमत सदस्यहरुबाट पारित गर्ने निर्णय गरियो।

तपसिलः

- बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०८२
- वुढीगंगा नगरपालिकाको स्थानीय रोजगार रणनीति, २०८२
- वुढीगंगा कृषि ऐन, २०८२
- वुढीगंगा नगरपालिका हाटवजार सञ्चालन कार्यविधि, २०८२
- वुढीगंगा नगरपालिका डिजिटल स्वास्थ्य रणनीतिक योजना, २०८२
- कृषि व्यवसाय सञ्चालनका लागि उद्यम र उद्यमीको छनौट तथा अनुदान परिचालन कार्यविधि, २०८२
- वुढीगंगा नगरपालिका विउँपूजी तथा घुम्तीकोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस वुढीगंगा नगरपालिकाद्वारा स्थापना गरिएका विभिन्न विधाका सम्मान तथा पुरस्कारहरु यस वर्ष पनि निरन्तर गर्ने र सो सम्वन्धि मिति २०८२/०३/०८ गते बसेको कार्यपालिका वैठकको निर्णय नं. ६ मा भएको तपसिल वमोजिम सम्मान तथा पुरस्कारको निर्णय पास गर्ने निर्णय गरियो ।

तपसिलः

१. शेर वहादुर शाह समाज सेवा पुरस्कार – श्री चन्द्र वहादुर थापा, वुढीगंगा न.पा. २
२. रत्नाकर जैशी साहित्य सम्मान पुरस्कार – श्री लाल वहादुर थापा, वुढीगंगा न.पा. २
३. नरसिंङ गिरी शैक्षिक सम्मान पुरस्कार – श्री रंग बहादुर खाती, वुढीगंगा न.पा. – ४
४. राष्ट्रसेवक कर्मचारी विशिष्ट घोषणा योगदान पुरस्कार – श्री डम्म बहादुर थापा, शिक्षा तथा जिन्सी शाखा
५. स्वास्थ्य सेवा विशिष्ट योगदान पुरस्कार – श्री हिक्मत बहादुर कटुवाल, वडा स्वास्थ्य कार्यालय वडा नं. ४

२०८२।०४।१०

६. शिक्षक कर्मचारी विशिष्ट योगदान पुरस्कार – श्री मोहन देव भट्ट, भानोदय मा वि
७. चेतनदिप ऐडी सफल युवा उद्यमी पुरस्कार – श्री उमाकान्त पाध्याय, बुढीगंगा न.पा.६

निर्णय नं. ७.

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८०/०८१ को बेरुजु फर्छ्यौटको लागि आवश्यक कागजात म.ले.प. मा पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ८.

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगर सभामा पेश भएको अनुगमन समितिको प्रनिवेदन २०८२ पारित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको चलानी नम्वर ४१९ मिति २०८२/०२/०१ को प्राप्त पत्रानुसार नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक र प्राविधिक सहायक स्थानिय तहबाटै व्यवस्थापन गर्न नेपाल सरकार, (मन्त्री स्तर ) को निर्णयानुसार अनुरोध भई आएकाले आन्तरिक रोजगारी प्रवर्द्दन दशक -२०८१-२०९१ सफल पार्न र स्थानिय तहमा श्रम तथा रोजगारी सृजना सम्वन्धी सवै कामकाज गर्न हाल कायम रहेको रोजगार सेवा केन्द्रको कर्मचारी संगठन अति आवश्यक रहेकाले नेपालको संविधानको धारा ५७, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ५ को उपनियम ३ र राष्ट्रिय श्रम तथा रोजगार सम्मेलन – २०८१ को १६ बुँदे घोषणा पत्रको मर्म र भावना अनुरुप रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक र प्राविधिक सहायक स्थानिय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपुर्ति सम्वन्धी मापदण्ड, २०७८ अनुसार पदपुर्ति भएका निज रोजगार सहायक र प्राविधिक सहायकलाई कार्य सम्पादन मूल्याङ्कन गरी नगरपालिकाको आन्तरिक स्रोतबाट खाईपाई आएको सेवा सुविधा सहित आ.व. २०८२/०८३ मा करार सेवा निरन्तर गर्ने निर्णय पारित गरियो ।

२०८२/०३/१०

**निर्णय नं. १०.**

प्रस्ताव नं. १० माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को विभिन्न मितिमा कार्यपालिको बैठकबाट भएका निर्णयहरु र नगर प्रमुखको तोक आदेश बमोजिम भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय बहुमतबाट पारित गरियो ।

**निर्णय नं. ११.**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाले गौरवको रुपमा अगाडि बढाइ निर्माणाधिन रहेको वडा नं. ९, स्थित बारमतोला खेल मैदानको जग्गा पालिकाको नाममा लिनको लागि जग्गाधनिलाई मुआब्जा रकम हस्तान्त्रण गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगर उप-प्रमुखले यस नगर सभामा पेश गरेको आ.व. २०८२/०८३ का लागि पेश गरेको बजेट तथा कार्यक्रम नगर सभाका बहुमत सदस्यहरुबाट पारित गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १३.**

प्रस्ताव न. १३ माथि छलफल गर्दा वडा नं. ९ मा रहेको त्रिशक्तिमा मा.वि.लाई नमुना मा वि कार्यक्रममा समावेश गर्न सम्बन्धित सबै निकायमा प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा उच्च पहाडि तथा हिमाली क्षेत्र स्वरोजगार एवं आर्थिक समाजिक सशक्तिकरण कार्यक्रममा आयोजना / कार्यक्रमका प्रस्ताव पेश गर्ने र लागत साझेदारी नगरपालिकाले व्यहोर्ने निर्णय पारित गरियो ।

२०८२/०३/१०

CamScanner

मिति २०८२/०३/१० गतेका दिन बाह्रौं नगर सभामा पारित भएका निर्णयहरु, बुढीगंगा नगरपालिका, बाजुरा।

**निर्णय नं. १५.**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा कृषि उत्पादनलाई बजारीकरण र प्रवर्द्धन गर्न फालासैन क्षेत्रमा सीत भण्डार केन्द्र तथा संकलन केन्द्रंका लागि जग्गा व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. १६.**

प्रस्ताव नं. १६ माथि छलफल गर्दा आगामी दिनहरुमा पालिका भित्र हरेक क्षेत्रमा उस्तै प्रकृतिका काम गर्ने सबै साझेदार संस्थाहरु सँग एकद्वार प्राणाली मार्फत क्रियाकलाप अगाडी बढाउने निर्णय पारित गरियो।

**निर्रणय नं. १७.**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा डाब देखि चौपाटा पदमार्ग भन्ने स्थान वडा नं. ४ र १० मा पर्ने भई भूलबस दुवै ठाँउको योजनाको सम्झौता भई वडा नं. १० को सो योजनाको भुक्तानी भइसकेकोले वडा नं. ४ भएको सम्झौताको रकम प्रदेश ससर्त अन्तर्गतकै नमुना खानेपानी मुहन/स्रोत संरक्षण तथा पुनर्भरण कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्गर्गत नेपाल सरकार र युवा रोजगारीका लागि पहल परियोजना मार्फत रोजगारी सृजनाबाट सूचीकृत बेरोजगारका लागि नेपाल सरकारले तोको पारिश्रमिक तोकेको दैनिक ज्याला दर रु.६६८ को हिसाब गरी ९१ जना कामदारलाई काम दिएको तर हाल जिल्ला भर सबै पालिकाले ७२० का दरले काम दिएको र जिल्ला दररेट अनुसार पनि अदक्ष ज्यामिको ज्याला रु. ७२० नै दिनुपर्ने भएको हुदा ज्याला अपुग भएको रकम सोही कार्यक्रमो कार्यस्थलमा आधारित सिप क्षमता विकास तालिमको घटिघटाउबाट बचत भएको रकमबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

२०८२/०३/१०